# नेपाल प्रहरीमा संचालित Corporate User Group (CUG) सेवा सम्बन्धी जानकारी

नेपाल प्रहरी र नेपाल टेलिकमको सहकार्यमा प्रहरी कर्मचारीहरुको सेवा सुविधाको लागि सुलभ, सहज, विश्वसनीय, भरपर्दो र गुण्स्तरीय दुरसंचार सेवा उपलव्ध हुंदै आएको छ। त्यसै अनुरुप नेपाल टेलिकमले नेपाल प्रहरीलाई थप प्रभावकारी सेवा तथा सुविधा उपलव्ध गराउने सन्दर्भमा नेपाल प्रहरीका सम्पुर्ण कर्मचारीहरुलाई लक्षित गर्दै विशेष Corporate User Group (CUG) सेवा मिति २०६८।०६।१० गते देखि सञ्चालनमा ल्याईएको हो। नेपाल टेलिकमको GMS, CDMA का Post-Paid तथा Pre-Paid का मोवाईल प्रयोगकर्ताहरु यस सेवामा आवद्ध हुन सक्नुहुनेछ।

# CUG सेवामा आवद्ध हुन लाग्ने मासिक खर्च

CUG सेवामा आवद्धको लागि प्रत्येक ग्राहकले प्रति महिना आफ्नो मोवाईल नम्बरमा Rental Charge वापत रु. १९१।५४ (एक सय एकानब्बे रूपैया चौवन्न पैसा मात्र) कर सहित रिचार्ज गरी ब्यालेन्स कायम गराउनु पर्दछ। र उक्त रेन्टल चार्ज बाट CUG सेवा भन्दा बाहिरका नम्बरहरूमा नेपाल टेलिकमको नियमानुसारको कल शुल्कमा कल सेवा प्राप्त गर्न सकिनेछ।

# सेवा प्राप्त गर्ने तरिका

१. CUG सेवा नेपाल प्रहरीका कर्मचारीहरू र प्रहरी परिवारको नजिकका १ जना आफन्तले प्रयोग गरी रहेको १ वटा गरी जम्मा २ वटा नम्बरलाई मात्र उपलब्ध गराउन सकिने।

२. नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरूले प्रयोग गरिरहेका नेपाल टेलिकम अन्तर्गतका नम्बर तथा नयाँ नम्बरहरुलाई पनि CUG सेवामा आवद्व गर्न सकिनेछ ।

३. यस सेवामा आवद्ध हुन सम्बन्धित प्रहरी कर्मचारी कार्यरत प्रहरी कार्यालयबाट कम्प्युटर कोड, नाम, दरबन्दी सहित खुलाई कार्यालयको सिफारिस पत्र सहित यस निर्देशनालयमा उपलब्ध गराउनु पर्नेछ। साथै नयाँ नम्बर लिनको लागि नेपाल प्रहरीका आधिकारीक व्यक्तिको रेखात्मक तथा लेखात्मक सहित फारम भरी नागरीकताको फोटोकपी, पासपोर्ट साईजको फोटो १/१ कपी र सिफारिस पत्र सहित समेत उपलव्ध गराउने

४. Pre-paid मोवाईल प्रयोगकर्ता CUG मा आवद्ध हुनको लागि सम्बन्धित मोवाईलमा कम्तिमा रु. १९१।५४ (एक सय एकानब्बे रूपैया चौवन्न पैसा मात्र) कर सहित Balance हुनु पर्नेछ।

५. CUG सेवा सबै प्रहरी कर्मचारीहरूले अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने हुँदा सेवाबाट नहटाईने। तर प्रहरी सेवाबाट अवकास लिएमा भने हटाउन सकिने तथा प्रहरी परिवारले प्रयोग गरिरहेका नम्बरहरूलाई हटाउन चाहेमा कार्यरत कार्यालयबाट सिफारिस पत्र प्राप्त हुन आएमा हटाउन सकिने।

## CUG सेवामा आवद्ध भईसकेपछि प्राप्त हुने सुविधाहरु

१. CUG सेवामा आवद्ध भई कायम भएको Group भित्र जे जति नम्बरहरु छन् ती नम्बरहरु बीच कल गर्दा सम्पुर्ण कल निःशुल्क हुनेछ।

२. CUG सेवामा आवद्ध प्रत्येक ग्राहकले प्रति महिना 1024 MB Data, 50 वटा (नेपाल टेलिकमको नेटवर्क भित्र )SMS र १० मिनेट अफनेट भ्वाईस कल निःशुल्क रूपमा उपभोग गर्न सक्नेछन्।

३. नेपाल प्रहरीका कर्मचारीहरुको सुविधाका लागि कार्यालयसंग सम्बन्धित सूचनाहरु Bulk SMS/Group SMS द्धारा निःशुल्क रुपमा उपलब्ध गराईनेछ।

## CUG सेवाको विलिङ्ग प्रक्रिया

१. Post paid मोवाईल प्रयोगकर्ता जुन मितिमा CUG सेवामा आवद्ध हुनु हुन्छ त्यही मिति देखि सम्बन्धित महिनाको १५ तारिख सम्म सम्बन्धित ग्राहकको ब्यालेन्स रकमबाट रु. १९१।५४ (एक सय एकानब्बे रूपैया चौवन्न पैसा मात्र) कर सहित को दामासाहीले हुन आउने रकम CUG सेवाको लागि Rental Charge काटिनेछ। त्यस पछिको महिनाहरुमा ब्यालेन्स रकमबाट रु. १९१।५४ (एक सय एकानब्बे रूपैया चौवन्न पैसा मात्र) कर सहित नै CUG सेवाको लागि मासिक Rental Charge काटिनेछ।

२. Pre-Paid मोवाईल प्रयोगकर्ता जुन मितिमा CUG सेवामा आवद्ध हुनु हुन्छ त्यही मिति देखि ३० (तीस) दिन सम्म सम्बन्धित ग्राहकको ब्यालेन्स रकमबाट रु. १९१।५४ (एक सय एकानब्बे रूपैया पन्ध्र पैसा मात्र) कर सहित CUG सेवाको लागि Rental Charge काटिनेछ। र उक्त रकमबाट १०० मिनेट टकटाईमको रूपमा प्राप्त हुनेछ। यो प्रत्येक महिना रिन्यु गर्नु पर्दछ। सम्बन्धित प्रयोगकर्ताको मोवाईलमा रू १९१।५४ भन्दा बढी ब्यालेन्स भएको खण्डमा स्वत: रिन्यु हुन्छ अन्यथा CUG सेवा निश्क्रिय हुन जान्छ।

३. प्रिपेड CUG सेवालाई प्रत्येक महिना नविकरण गर्नु पर्ने हुँदा कुनै मोवाईल नम्बरमा प्रयाप्त ब्यालेन्स नभएमा उक्त नम्बर CUG सेवाबाट Suspend मा जानेछ । यसरी Suspand मा गएको नम्बरलाई CUG सेवामा आवद्ध भएको नम्बरबाट कल गर्दा CUG सुविधा प्राप्त हुने छैन र Suspend नम्बरले CUG सेवामा आवद्ध भए वापत पाउने सुविधा पनि प्राप्त गर्ने छैन । Rental Charge अनुसारको ब्यालेन्स हुनसाथ उक्त नम्बर स्वत: CUG सेवामा आवद्ध हुनेछ र सोही मिति देखि CUG सेवा प्राप्त हुनेछ ।

४. आफुले प्रयोग गरी रहेको मोवाईल CUG सेवामा आवद्ध भए नभएको जानकारी लिन सम्बन्धित मोवाईल नम्बरबाट म्यासेज बक्समा गई CUG टाईप गरी 1415 मा पठाई SMS मार्फत जानकारी लिन सकिनेछ ।

५. CUG सेवामा आवद्ध भई सके पछि प्राप्त हुने सुविधाहरु भन्दा बढि सुविधा उपभोग गरेको खण्डमा तथा नेपाल टेलिकमको नेटवर्क भन्दा बाहिरका सेवा प्रदायकसंग Call तथा SMS गरेमा नेपाल टेलिकमको Normal Tariff अनुसार कल चार्ज लाग्नेछ ।

६. CUG प्रयोग कर्ताले मासिक Rental Charge बाट नेपाल टेलिकमले उपलब्ध गराएको बिभिन्न प्याकेजहरू खरिद गर्न पाउने छैन ।

## SMS मार्फत थप सेवा लिने सम्बन्धी जानकारी:

| क्र.स. | सेवा | Message | SMS पठाउने नम्बर | कै. |
|---|---|---|---|---|
| १. | 4G सेवा Active गर्नको लागि । | *444*1# मा Dial गर्ने । | | |
| २. | FNF सुविधा Active गर्नको लागि । | FNFSUB*Tel.no.1 | १४१५ मा पठाउने । | |
| ३. | FNF सुविधामा नयाँ नम्बर थप्न परेमा (यसै गरी अन्य ३ वटा नम्बर थप्न सक्नु हुनेछ) । | FNFADD*Tel.no.2 | १४१५ मा पठाउने । | |
| ४. | FNF नम्बर संशोधन गर्नु परेमा । | FNFMOD*OLD No.*New Tel.no | १४१५ मा पठाउने । | |
| ५. | FNF नम्बर हटाउनु परेमा । | FNFDEL*Tel.no | १४१५ मा पठाउने । | |
| ६. | FNF नम्बर जाच गर्नुपरेमा । | FNFINQ | १४१५ मा पठाउने । | |
| ७. | CUG बाट प्राप्त हुने बोनस | FR | १४१५ मा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | हेर्नको लागि। | | | |
| ८. | CUG को Date हेर्नको लागि। | VL | १४१५ मा पठाउने। | |
| ९. | Post-paid Mobile को मासिक बिल बुझ्नु परेमा। | CB | १४१५ मा पठाउने। | |
| १०. | Post-paid तथा Pre-paid Mobile को Balance बुझ्नु परेमा। | *400# Dial गर्ने। | | |
| ११. | Land Line को मासिक बिल बुझ्नु परेमा। | CB*Tel.no. (Area Code सहितको Tel.no.) | १४१५ मा पठाउने। | |
| १२. | Mobile Sim Card Recharge गर्न। | *412*Pin no.# Dial गर्ने। | | |
| १३. | Package खरिद गर्न। | *1415# मा Dial गरी आवश्यकता अनुसारको Package लिन सकिन्छ। | | |

- ❖बिभिन्न आकर्षक भ्वाईस तथा डाटा प्याकेजहरु खरिद गर्न *1415# डायल गर्नुहोस।
- ❖नेपाल टेलिकमका सेवा सुबिधाहरु बारे जानकारी प्राप्त गर्न, प्याक खरिद गर्न, रिचार्ज गर्न, ब्यालेन्स ट्रान्सफर गर्न तथा बिभिन्न सेवा सुबिधा प्राप्त गर्न नेपाल टेलिकमको APP Download गर्नुहोस।

पुनश्च:-

- ✓ CUG सेवा सँग सम्बन्धि कुनै गुनासो वा केहि बुझ्न परेमा प्रहरी प्रधान कार्यलायको ०१-४४११२१० ext. ४७१ तथा मोवाईल नं. ९८५१२८०७२२ (कार्यालय सामयमा मात्र कल गर्न सक्नु हुने छ)।
- ✓ २४ सै घण्टा १४९८ मा निं:शुल्क कल गरि जानकारी लिन सकिने छ।